# नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ५७१९६४४/६४५/६४६
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np


इ.प्रा. परिपत्र संख्या : ११/२०८०-८१ मितिः २०८१/०३/१३

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु,
श्री विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,
श्री विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त सम्पूर्ण निकायहरु ।

**विषय : एकीकृत परिपत्र-२०८० मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०८० मा देहायबमोजिम संशोधन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**१) एकीकृत इ.प्रा. परिपत्रः ७/२०८० को दफा १७ को उपदफा ३ लाई देहायबमोजिम संशोधन गरिएको छः**

नेपालमा कार्यरत भारतीय नागरिकले नेपाली वाणिज्य बैंक तथा राष्ट्रियस्तरका विकास बैंकमा खोलेको बैंकखाता आवद्ध विद्युतीय बैंकिङ्ग (इ-बैंकिङ्ग), अन्तरबैंक भुक्तानी, मोबाइल बैंकिङ्ग, Quick Response Code मार्फत राष्ट्रिय भुक्तानी स्वीच (National Payment Switch) **पूर्ण रुपमा सञ्चालनमा नआएसम्म सो अन्तर्गतको Retail Payment Switch (RPS)** को माध्यमबाट भारतीय बैंक तथा वित्तीय संस्थामा खोलिएको व्यक्तिगत खातामा प्रति दिन भा.रु. १५,०००।- र प्रति महिना भा.रु. १००,०००।- जम्मा हुने गरी पारिश्रमिक बापतको सटही सुविधा (Personal Payment/P-to-P Transfers) प्रदान गर्न सकिनेछ । तर, यस्तो सटही सुविधामा उपदफा १ र २ मा उल्लिखित सीमा समेत लागू हुने गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थाले व्यवस्था मिलाउनु पर्नेछ ।

**२) एकीकृत इ.प्रा. परिपत्रः १२/२०८० को दफा ५ को बुँदा नं. १८ लाई देहायबमोजिम संशोधन गरिएको छः**

शाखाको खुद नाफा रिप्याट्रियशन गरिदिनेसम्बन्धी रकम तथा आर्थिक वर्ष समेत खुल्ने गरी सम्बन्धित नियामक निकायको सिफारिस पत्र । **तर, नियामक निकाय यकिन हुन नसकेका शाखाको हकमा नेपालमा त्यस्तो शाखाको नियामक निकाय नभएको स्वःघोषणा सम्बन्धित निवेदकबाट प्राप्त भई पेश हुन आएका सम्पूर्ण कागजातबाट सटही सुविधा उपलब्ध गराउनुपर्ने व्यहोरा पुष्टि हुन आएमा त्यस्तो शाखाले आर्जन गरेको नाफाबाट बैंक तथा वित्तीय संस्थामा राखी आर्जन गरेको ब्याज बाहेकको रकममा प्रचलित व्यवस्थाबमोजिमको कर कट्टी गरी बाँकी रकमको रिप्याट्रियशन स्वीकृति प्रदान गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।**

**३) एकीकृत इ.प्रा. परिपत्रः २०/२०८० मा देहायबमोजिम दफा ९ थप गरिएको छः**

**यस परिपत्रमा उल्लिखित भारतीय रुपैयाँको सटही सुविधा नेपाली वाणिज्य बैंक तथा राष्ट्रियस्तरका विकास बैंकमा खोलिएको बैंक खातामा आवद्ध Quick Response Code लगायतका विद्युतीय माध्यम (कार्ड बाहेक) मार्फत भारत र भुटानमा भुक्तानी (Merchant Payments) हुने गरी समेत उपलब्ध गराउन सकिनेछ । यसरी सटही सुविधा उपलब्ध गराउँदा राष्ट्रिय भुक्तानी स्वीच (National Payment Switch) पूर्ण रुपमा सञ्चालनमा नआएसम्म सो अन्तर्गतको Retail Payment Switch (RPS) को माध्यमबाट प्रदान गर्नु पर्नेछ । यस्तो सटही सुविधाको सीमा यसै एकीकृत इ.प्रा. परिपत्रको दफा ६ को खण्ड (ङ) को बुँदा (६) मा उल्लिखित कार्डको लागि कायम रहेको सीमासम्म हुनेछ ।***

**४) एकीकृत इ.प्रा. परिपत्रः २४/२०८० को दफा १३ लाई देहायबमोजिम संशोधन गरिएको छः**

भारतबाट नेपालमा विप्रेषण भित्र्याउने प्रयोजनको लागि नेपाल राष्ट्र बैंक र भारतीय रिजर्व बैंकले व्यवस्था गरेको "Indo-Nepal Remittance Facility Scheme" को अतिरिक्त नेपाली नागरिकले भारतीय बैंक तथा वित्तीय संस्थामा

# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ५७१९६४४/६४५/६४६
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np


खोलेको बैंक खाता आवद्ध विद्युतीय बैंकिङ्ग (इ-बैंकिङ्ग), अन्तरबैंक भुक्तानी, मोबाइल बैंकिङ्ग, Quick Response Code मार्फत राष्ट्रिय भुक्तानी स्वीच (National Payment Switch) **पूर्ण रुपमा सञ्चालनमा नआएसम्म सो अन्तर्गतको Retail Payment Switch (RPS)** को माध्यमबाट नेपाली वाणिज्य बैंक तथा राष्ट्रिय स्तरका विकास बैंकमा खोलिएको व्यक्तिगत खातामा प्राप्त हुने गरी विप्रेषण रकम (Personal Payment/P-to-P Transfers) **भित्र्याउनु पर्नेछ ।**

**यस्तो विप्रेषण रकम विदेशी विनिमयको कारोबार गर्न इजाजतपत्र नलिएका प्रचलित कानूनबमोजिम यस बैंकबाट बैंकिङ्ग कारोबार गर्न इजाजतपत्रप्राप्त वित्तीय संस्था र यस बैंकबाट अनुमतिप्राप्त भुक्तानी सेवा प्रदायकसँग सञ्चालन रहेको खाता/वालेटमा जम्मा हुने गरी समेत प्राप्त गर्न सकिनेछ । तर, यस्तो वित्तीय संस्था वा भुक्तानी सेवा प्रदायकले नेपाली सेटलमेन्ट बैंकमार्फत नेपाली रुपैयाँमा मात्र रकम प्राप्त गर्न सक्नेछन् ।**

**५) एकीकृत इ.प्रा. परिपत्र: २८/२०८० को दफा ७ लाई देहायबमोजिम संशोधन गरिएको छ:**

नेपाली व्यवसायीहरुले वस्तु तथा सेवा बिक्री गरेबापतको परिवर्त्य विदेशी मुद्रा नेपाली वाणिज्य बैंक तथा राष्ट्रिय स्तरका विकास बैंकमा खोलिएको खातामा प्राप्त हुने गरी (Merchant Payments) **विदेशमा जारी भएको भुक्तानीका उपकरणबाट Quick Response Code** लगायतका विद्युतीय माध्यम (कार्ड बाहेक) **मार्फत समेत स्वीकार (Acquire) गर्न सकिनेछ । यस्तो कारोबार गर्दा राष्ट्रिय भुक्तानी स्वीच (National Payment Switch) पूर्ण रुपमा सञ्चालनमा नआएसम्म सो अन्तर्गतको Retail Payment Switch (RPS) को माध्यमबाट स्वीकार (Acquire) गर्नु पर्नेछ ।**

**यस्तो कारोबारको भुक्तानी विदेशी विनिमयको कारोबार गर्न इजाजतपत्र नलिएका प्रचलित कानुनबमोजिम यस बैंकबाट बैंकिङ्ग कारोबार गर्न इजाजतपत्रप्राप्त वित्तीय संस्था र यस बैंकबाट अनुमतिप्राप्त भुक्तानी सेवा प्रदायकको खाता/वालेटमा समेत प्राप्त गर्न सकिनेछ । तर, यस्तो वित्तीय संस्था वा भुक्तानी सेवा प्रदायकले नेपाली सेटलमेन्ट बैंकमार्फत परिवर्त्य विदेशी मुद्रा प्राप्त नगरी नेपाली रुपैयाँ मात्र प्राप्त गर्न सक्नेछन् ।**

यस्तो कारोबारमा निहित रहने सम्पूर्ण जोखिमहरु र सोका निराकरण/न्यूनीकरणका उपायहरु सम्बन्धित **बैंक-वित्तीय संस्था र भुक्तानी सेवा प्रदायक** आफैंले विश्लेषण तथा व्यवस्थापन गर्नु पर्नेछ ।*

**६) एकीकृत इ.प्रा. परिपत्र: २८/२०८० को दफा ८ लाई देहायबमोजिम संशोधन गरिएको छ:**

यस एकीकृत परिपत्र-२०८० को एकीकृत इ.प्रा. परिपत्र: ७/२०८० को दफा १ र २ **तथा एकीकृत इ.प्रा. परिपत्र: १४/२०८० को दफा २ को खण्ड (ग) को बुँदा ७ र दफा ७** मा उल्लिखित परिवर्त्य विदेशी मुद्राको सटही सुविधा नेपाली वाणिज्य बैंक तथा राष्ट्रियस्तरका विकास बैंकमा खोलिएको बैंक खातामा आवद्ध Quick Response Code **लगायतका विद्युतीय माध्यम (कार्ड बाहेक) बाट विदेशमा भुक्तानी हुने गरी समेत प्रदान गर्न सकिनेछ । यसरी सटही सुविधा प्रदान गर्दा राष्ट्रिय भुक्तानी स्वीच (National Payment Switch) पूर्ण रुपमा सञ्चालनमा नआएसम्म सो अन्तर्गतको Retail Payment Switch (RPS) को माध्यमबाट प्रदान गर्नु पर्नेछ ।***

**७) एकीकृत इ.प्रा. परिपत्र: २८/२०८० मा देहायबमोजिम दफा ९ थप गरिएको छ:**

**नेपाली व्यवसायीहरुले वस्तु तथा सेवा बिक्री गरेबापतको रकम (Merchant Payments) नेपाली वाणिज्य बैंक तथा राष्ट्रिय स्तरका विकास बैंकमा खोलिएको खातामा प्राप्त हुने गरी भारतीय रुपैयाँमा जारी भएको भुक्तानीका उपकरणबाट Quick Response Code** लगायतका विद्युतीय माध्यम (कार्ड बाहेक) मार्फत समेत स्वीकार **(Acquire) गर्न सकिनेछ । यस्तो कारोबार गर्दा राष्ट्रिय भुक्तानी स्वीच (National Payment Switch) पूर्ण रुपमा सञ्चालनमा नआएसम्म सो अन्तर्गतको Retail Payment Switch (RPS) को माध्यमबाट स्वीकार (Acquire) गर्नु पर्नेछ ।**

**यस्तो कारोबारको भुक्तानी विदेशी विनिमयको कारोबार गर्न इजाजतपत्र नलिएका प्रचलित कानुनबमोजिम यस बैंकबाट बैंकिङ्ग कारोबार गर्न इजाजतपत्रप्राप्त वित्तीय संस्था र यस बैंकबाट अनुमतिप्राप्त भुक्तानी सेवा प्रदायकको**

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ५७१९६४४/६४५/६४६
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np

खाता/वालेटमा समेत प्राप्त गर्न सकिनेछ । तर, यस्तो वित्तीय संस्था वा भुक्तानी सेवा प्रदायकले नेपाली सेटलमेन्ट बैंकबाट भारतीय रुपैयाँ प्राप्त नगरी नेपाली रुपैयाँ मात्र प्राप्त गर्न सक्नेछन् ।

यस्तो कारोबारमा निहित रहने सम्पूर्ण जोखिमहरु र सोका निराकरण/न्यूनीकरणका उपायहरु सम्बन्धित बैंक-वित्तीय संस्था र भुक्तानी सेवा प्रदायक आफैँले विश्लेषण तथा व्यवस्थापन गर्नु पर्नेछ ।*

८) एकीकृत इ.प्रा. परिपत्रः २८/२०८० मा देहायबमोजिम दफा १० थप गरिएको छ:

**Quick Response Code** लगायतका विद्युतीय माध्यम (कार्ड बाहेक) बाट विदेशी मुद्रामा हुने अन्तरदेशीय **Retail Payments** अन्तर्गतको **Merchant Payments (P2M)** को **Acquiring** तथा **Issuing** कारोबार सम्बन्धी अन्य व्यवस्था र राष्ट्रिय भुक्तानी स्वीचमा आवद्धता सम्बन्धी व्यवस्था यस बैंकको भुक्तानी प्रणाली विभागबाट जारी विनियमावली, निर्देशन, सूचना लगायतका व्यवस्था बमोजिम हुनेछ ।

*यो परिपत्र जारी हुनु पूर्व भारतीय रुपैयाँ वा परिवर्त्य विदेशी मुद्राको **Merchant Payments (P2M)** को **Acquiring/Issuing** कारोबार सूचारु गरिसकेका/नगरिसकेका बैंक-वित्तीय संस्था वा भुक्तानी सम्बन्धी कार्य गर्न अनुमतिप्राप्त संस्थाले उल्लिखित कारोबार राष्ट्रिय भुक्तानी स्वीचमार्फत परिचालन (**Route**) गराउने सम्बन्धमा आ-आफ्नो कार्ययोजना यस बैंकको भुक्तानी प्रणाली विभागमा पेश गर्नु पर्नेछ । यस्तो कार्ययोजना राष्ट्रिय भुक्तानी स्वीच पूर्ण रुपमा सञ्चालनमा आएको ६ महिनाभित्र पेश गर्नु पर्नेछ ।

भवदीय,

२०८०।१२।१३

(तुलसी प्रसाद घिमिरे)
कार्यकारी निर्देशक

**बोधार्थः**

१) श्री गभर्नरको कार्यालय ।
२) श्री डेपुटी गभर्नरको कार्यालय ।
३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग ।
५) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
७) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
८) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
९) श्री नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभाग ।
१०) श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
११) श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१२) श्री नेपाल उद्योग परिसंघ ।
१३) श्री नेपाल चेम्बर अफ कमर्स ।
१४) श्री नेपाल बैंकर्स संघ ।
१५) श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१६) श्री वित्तीय संस्था संघ ।
१७) श्री लघुवित्त बैंकर्स संघ ।